पाणिनी गाउँपालिका
Panini Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/Letter No. ०७८/०७९
चलानी नं./Ref. No.:

मिति/Date: २०७८/०४/१७

गाउँ कार्यपालिकाको कार्यालयबाट हुने सेवा प्रवाह बन्द गरिएको सम्वन्धी अत्यन्तै जरुरी

सूचना

विगत केही दिन देखि अर्घाखाँची जिल्ला तथा पाणिनी गाउँपालिका लगायत सम्पूर्ण जिल्ला भरी नै कोभिड १९ को संक्रमण तिव्र रुपमा वृद्धि भईरहेको र उक्त जोखिमपूर्ण अवस्थालाई मध्य नजर गर्दै जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीको मिति २०७८/०४/१४ को निर्णय कार्यान्वयार्थ स्वास्थ्य सेवा बाहेक यस पाणिनी गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका सम्पूर्ण वडा कार्यालहरुबाट प्रवाह हुने सेवाहरु मिति २०७८/०४/१७ गतेदेखि मिति २०७८/०४/३० गतेसम्म बन्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको यो सूचना प्रकाशित गरिएको छ ।

लक्ष्मी गौतम
उपाध्यक्ष

लक्ष्मी गौतम
उपाध्यक्ष

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय
## अर्घाखाँची

श्री प्रशासन
आ. का. गर्नु हुन।
2078/04/16

पत्र संख्याः
चलानी नं.

**अर्घाखाँची जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री विष्णु पौडेलबाट जारी आदेश**

यस जिल्लामा विगत केही दिन देखी कोभिड-१९ को संक्रमण तिव्र रुपमा वृद्धि भई रहेको, अर्घाखाँची अस्पतालमा उपचारको लागि आउने कोरोना संक्रमित बिरामीको संख्यामा समेत वृद्धि भई रहेको र संक्रमणका दृष्टिकोणले जिल्ला उच्च जोखिममा परेकोले कोरोना संक्रमण रोकथाम र नियन्त्रणको लागि सर्वपक्षिय उपस्थिति सहितको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको मिति २०७८।०४।१४ गतेको बैठकको निर्णय, कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८, र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (घ) बमोजिम मिति २०७८।०४।१६ गते शनिबार राती १२:०० बजे देखि २०७८।०४।३० गते शनिबार राती १२:०० बजे सम्म देहाय बमोजिम हुने गरी निषेधाज्ञा जारी गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**देहाय :-**

**१. निषेधाज्ञा अवधिभर खुला रहने सेवाहरु :**

१.१. औषधी पसल एवम् स्वास्थ्य सामग्रीका पसलहरु २४ घण्टा खुला रहने,
१.२. दैनिक उपभोग्य वस्तु तथा सेवा (खाद्यान्न, फलफूल, तरकारी, डेरी, मासु तथा कृषिजन्य सामग्रीको) बिक्री वितरण गर्ने पसलहरु बिहान ६:०० देखि ९:०० बजे सम्म खुला रहने,
१.३ पेट्रोल पम्प २४ घण्टा खुला रहने,
१.४ त्रिभुवन विश्वविद्यालय, उच्च माध्यमिक शिक्षा परिषद्, प्राविधिक तथा व्यवसायिक तालिम परिषद्बाट सञ्चालन हुने पूर्व निर्धारित परीक्षाहरु स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

**२. निषेधाज्ञा अवधिभर गर्न नहुने कार्य र बन्द रहने सेवाहरु :**

२.१. अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने,
२.२. अत्यावश्यक बाहेकका अन्य व्यावसायहरु बन्द रहने,
२.३. विद्यालय, क्याम्पस, शिक्षालय, तालिम केन्द्रमा भौतिक उपस्थितिमा हुने पठनपाठन बन्द रहने,
२.४. पार्टी प्यालेस, होटल तथा रेष्टुरेन्ट, जीम हल, ब्यूटिपार्लर, शैलुन बन्द रहने,
२.५. गोष्ठी, तालिम, सभा सम्मेलन, सेमिनार, जात्रा महोत्सव र खेलकुद सञ्चालन नगर्ने,
२.६. मठ मन्दिर तथा विभिन्न धार्मिक स्थलहरुमा परम्परागत रुपमा गरिने नित्य पुजा बाहेक अन्य सम्पूर्ण धार्मिक सांस्कृतिक गतिविधिहरु बन्द गर्ने ।

विष्णु पौडेल
प्रमुख जिल्ला अधिकारी

"सक्षम निजामती प्रशासनः विकास, समृद्धि र सुशासन"

Ph: 077-420133 I 077-420208 I 077-420721 I Fax: 077-420209 I Toll Free: 1660-77-42042 I Notice Board: 1618077420208
E-Mail: daoarghakhanchi@moha.gov.np I daoarghakhanchi@gmail.com I Website: daoarghakhanchi.moha.gov.np

पाणिनी गाउँपालिका
दर्ता नं.: 993
मितिः 2078/4/18

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय
## अर्घाखाँची

पत्र संख्याः
चलानी नं.

३. **सञ्चालन हुने यातायातका साधनहरू**

३.१. एम्बुलेन्स, दमकल, शववाहन,

३.२. अत्यावश्यक खाद्य सामग्री तथा पशुपंक्षीका दाना, अण्डा, चल्ला, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी बोकेका सवारी साधनहरु,

३.३. ग्यास तथा पेट्रोलियम पदार्थ ढुवानी गर्ने सवारी साधनहरु,

३.४. चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले ड्युटी जान आउन प्रयोग गर्ने सवारी साधनहरु,

३.५. औषधी तथा स्वास्थ्य सामग्री बोकेका सवारी साधनहरु, क्वारेन्टिन तथा आइसोलेसनमा बिरामीको उपचारमा खटिएका सवारी साधन,

३.६. प्रेस पास तथा परिचयपत्र बाहक सचारकर्मीहरुले प्रयोग गरेका सवारी साधनहरु

३.७. अत्यावश्यक सेवामा खटिने कर्मचारीले प्रयोग गर्ने सवारी साधनहरु,

४. **सञ्चालन नहुने यातायातका साधनहरू**

४.१. निजी तथा सार्वजनिक यातायातका साधनहरु,

५. जिल्लास्थित सरकारी वा गैर सरकारी कार्यालयबाट प्रदान गरिने अत्यावश्यक सेवा (स्वास्थ्य, संचार, विद्युत, खानेपानी, सुरक्षा) बाहेक अन्य सबै सेवा हाललाई बन्द गर्ने । अत्यावश्यक परेको अवस्थामा जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा सेवा प्रदान गर्ने ।

६. बैङ्क तथा वित्तीय कारोबार गर्ने संस्था निषेधाज्ञा अवधिभर पूर्ण रुपमा बन्द रहने । तर अत्यावश्यक परेको अवस्थामा जिल्ला प्रशासन कार्यालयको समन्वयमा सेवा प्रदान गर्ने ।

७. अत्यावश्यक कामको लागि बाहेक सवारी पास जारी नगरिने ।

८. यो आदेशको पालना गर्नु गराउनु सबैको कर्तव्य हुनेछ । यो आदेशको उल्लघन गर्ने, आदेशको पालना गर्ने कार्यमा अवरोध गर्ने, औषधी, औषधीजन्य सामाग्री, अत्यावश्यक उपभोग्य वस्तु वा सेवाको आपूर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा सहज आपूर्तिमा अवरोध गर्नेहरु उपर कोभिड-१९ संकट व्यवस्थापन गर्न बनेको अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही गरिने छ ।

**मिति २०७८।०४।१४**

२०७८।४।१४

विष्णु पौडेल
प्रमुख जिल्ला अधिकारी

विष्णु पौडेल
*प्रमुख जिल्ला अधिकारी*



Ph: 077-420133 | 077-420208 | 077-420731 | Fax: 077-420209 | Toll Free: 1660-77-42042 | Notice Board: 1618077420208
E-Mail: daoarghakhanchi@moha.gov.np | daoarghakhanchi@gmail.com | Website: daoarghakhanchi.moha.gov.np